जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २३ २०८० साल साउन २८ गते आइतबार (13 Aug. 2023 Sunday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : अन्तर्राष्ट्रिय युवा दिवसः योजना. ३ पृष्ठमा : 'आयोग मानवअधिकार संरक्षणमा ... ३ पृष्ठमा हवाई टापुको जङ्गलमा..

## जनप्रतिनिधिको मुल्याङ्कन गर्न जनमतको 'जनमत संग्रह'



**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन ।**

जनमत पार्टीले स्थानीय तहमा बिजयी भएका आफ्ना जनप्रतनिधिहरुको कार्यशैली मुल्याङ्कन गर्न शनिबार निर्वाचनको (जनमत संग्रह) सहारा लिएको छ ।

जिल्लाका पाँच स्थानीय तह जितेका पालिका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षको कार्यशैली कस्तो छ भन्ने कुराको निश्कर्षका लागि यस्तो निर्वाचन गराइएको हो ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका, बलानबिहुल गाउँपालिका, महादेवा गाउँपालिका र छिन्नमस्ता गाउँपालिकामा यस्तो निर्वाचन एकै पटक सम्पन्न भएको जनमत पार्टीका जिल्ला सचिव तथा हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहस्थित मतदान केन्द्रका निर्वाचन अधिकारी थानेश्वर प्रसाद साहले जानकारी दिए ।

उनका अनुसार हनुमाननगर कंकालिनी नगरपालिकाका मेयर र सोही नगरपालिका वडा १ र ४ का वडाअध्यक्ष जनमत पार्टीले जितेको छ । यसैगरि बलानविहुल गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, वडा १ र ३ को अध्यक्ष, तिलाठी कोइलाडी गाउँपालिका २ को वडाअध्यक्ष, महादेवा गाउँपालिका २ को वडाअध्यक्ष र छिन्नमस्ता गाउँपालिका ३ का वडाअध्यक्ष जनमत पार्टीले जितेको छ ।

ती सबै पदका लागि २०८० बैशाख भित्र पार्टीको क्रियाशिल सदस्यता लिएका कार्यकर्ताहरुले मतदान गरेको उनले जानकारी दिए । सचिव साहले शनिबार रातीदेखी नै मतगणना गरि सो को नतिजा पार्टीको केन्द्रिय सचिवालयमा पठाइने र केन्द्रबाटै यस बारे आवश्यक निर्णय लिने जानकारी दिएका छन् ।

उनका अनुसार जनताको मतबाट जितेका जनप्रतिनिधिहरु जनताप्रति उत्तरदायित्व बनुन भन्ने उद्देश्यका साथ पहिलो पटक यस्तो प्रयोग गरिएको हो ।

उक्त निर्वाचन सम्पन्न गराउनका लागि पाँच वटै पालिकामा एक-एक केन्द्रिय प्रतिनिधि, ९ वटा निर्वाचन अधिकारी, १ सय २० जना स्वयमसेवक परिचालन भएको सो पार्टीले जनाएको छ ।

मतपत्रको एउटा कोठामा तपाईका जनप्रतिनिधिका काम सन्तोषजनक छ ? र अर्को कोठामा बिल्कुलै छैन् भनी लेखिएको थियो । ती दुई मध्ये एउटामा स्वस्तिक चिन्ह लगाउन मतदाताहरुसँग अनुरोध गरिएको थियो ।

## डा. सीके राउतलाई राजनीतिक र व्यवहारिक ज्ञान छैन् : कुशवाहा

**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन ।**

बारा २ बाट प्रतिनिधिसभा सदस्यमा पराजित भएका शिवचन्द्र कुशवाहाले जनमत पार्टीका अध्यक्ष डा. सीके राउतलाई राजनीतिक र व्यवहारिक ज्ञान नभएको नेताको संज्ञा दिएका छन् ।

शनिबार राजविराजस्थित पत्रकार महासंघ सप्तरीको सभाकक्षमा संचारकर्मीहरुसित कुरा गर्दै उनले डा. राउतले पार्टी भित्र कुनै बहस र छलफल नै नचलाई एकल निर्णय गर्ने र तानाशाही प्रवृती देखाउने गरेको आरोप समेत लगाए ।

डा. राउत पढेलेखेका विद्धान भएपनि उनमा राजनीति र व्यवहारिक ज्ञानको पूर्ण अभाव रहेको आफूले अनुभव गरेको उनले सुनाए ।

सोही क्रममा सप्तरीबाट तीन महिने जनजागरण अभियानको सुरुवात गरेको जानकारी दिँदै तीन महिने अभियान अन्य जिल्लाहरुमा समेत संचालन हुने बताए ।

उनले तीन महिने अभियान सकिएपछि मात्र नयाँ पार्टी खोल्ने बारे निर्णय लिने स्पष्ट पारेका छन् । आफू जनताको सेबक भएको बताएका उनले जनजागरण अभियानका क्रममा प्राप्त हुने जनादेश अनुसार अघि बढ्ने स्पष्ट पारे ।



जिल्ला जिल्लामा अभियान लिएर जाँदैछु, उनले भने, अभियानका क्रममा प्राप्त सुझावको आधारमा मात्र नयाँ पार्टी गठन बारे अन्तिम निर्णय लिइने छ । जनताको बीच जनताको मुद्दा लिएर जाँदैछु उनले भने, जनताको जनादेश र मनोभावना बुझेर मात्रै अन्तिम निर्णय लिइने छ ।

आफू २०३५ सालदेखी नै राजनीतिमा होमिएर जनताका बीच जिबन बिताइरहेकाले जनताले चाहे बमोजिमको पार्टी गठन हुने उनको कथन छ ।

## प्रहरीले गऱ्यो पत्रकार यादवसँग अभद्र व्यवहार

**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन ।**

प्रहरीले शनिबार पत्रकार चन्दन यादवसँग अभद्र व्यवहार गरेको छ । राजविराजस्थित कुनौली मोडमा शनिबार बिहान पत्रकार यादवसँग अभद्र व्यवहार गरेको हो ।

समाचार प्रयोजनको लागि कुनौली मोडस्थित प्रहरी बिटको फोटो खिचेपछि त्यहाँ ड्युटीमा रहेका प्रहरीले फोटो डिलिट गर्न भन्दै मोबाइल खोस्ने प्रयास गरेको पीडित पत्रकार यादवले बताए ।

त्यसपछि उनीसँगै रहेका अर्का पत्रकार भुषण सिंह र यादवले उक्त कार्यको प्रतिकार्य गरेको थिए ।

## श्रोत नखुलेको रकमसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन ।**

सिरहा प्रहरीले स्रोत नखुलेको नेपाली र भारतीय रुपैयाँसहित एक व्यक्तिलाई शुक्रबार पक्राउ गरेको छ ।

सिरहा नगरपालिका १७ माडर टोलबाट स्रोत नखुलेको ८ लाख २ हजार नेपाली रूपैयाँ र ४६ हजार १ सय भारतीय रूपैयाँसहित सोही ठाउँ बस्ने ४८ बर्षीय सञ्जीब कुमार साहलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको हो ।

प्रहरी चौकी खिरौनाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको बा.१२प.१६३७ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा चालक साहलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको प्रहरीको भनाई छ । उनलाई आवश्यक अनुसन्धान एवम् कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय इटहरी पठाइएको छ ।

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

- लामखुट्टेको टोकाईबाट औंलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरीपरी पानी जम्न नदिऔं।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### भन्सारमा चरम लापरवाही

राजविराज भन्सार कार्यालयमा अहिले व्यापक लापरवाही भइरहेको छ । भन्सारका कार्यालयले भारतीय नम्बरका गाडीहरुलाई आफूखुशी रसिद दिएर रकम असुल्ने गरेका छन् । जसकारण भन्सार कार्यालयका कर्मचारीहरुका कारण कार्यालय नै बदनाम भइरहेको छ । राजविराज भन्सार कार्यालयका कर्मचारीहरुले भारतीय नम्बरका सवारीसाधनहरुबाट ५ सय को रसिद दिएर ६ सय रुँपैया असुली गर्दै गरेपछि बदनाम भएको हो । सरकारले तोकेको राजश्व भन्दा बढी रकम लिने परिपाटीका कारण अहिले यो भन्सार कार्यालय आलोचित भएको छ । कर्मचारीहरुले भन्सार शुल्कमा मात्र नभएर एक दिनका लागि सीमा नजिकको बजारसम्म आउजाउ गर्न निशुल्क प्रदान गरिने सुविधा पासमा समेत मान्छे हेरी हेरी भारतीय सवारीधनीसँग ५० देखी ३ सय रुँपैयासम्म असुल गर्ने गरेको यसअघि पनि सयौं घटना सुन्न पाइन्छ ।

भारतबाट दैनिक दर्जनौं सवारीसाधन नेपाल भित्रिने गर्छ । ती सबै सवारीधनी र चालकसँग त्यहाका कर्मचारीले मनपरी शुल्क लिने गरेको अधिकांशको गुनासो छ । यसरी लिएको रकमको प्रमाण नहुने तथा अनुगमन गर्ने निकाय पनि मौन रहनाले भन्सारका कर्मचारीहरु होसिएका छन् ।

यस्ता कार्यहरुप्रति भन्सार कार्यालय आगामी दिनमा सचेत हुनु जरुरी छ । एउटा कर्मचारीका कारण सबै कर्मचारी दोषि हुनेमा दुइमत छैन् । तसर्थ यस्ता गतिविधी रोक्न र भन्सार कार्यालयको साख जोगाउन सम्बन्धीत निकायले यस्ता रबैयाप्रति अनुगमन गरि दोषिमाथी कारवाही गर्न जरुरी रहेको छ ।

# अन्तर्राष्ट्रिय युवा दिवसः योजना कार्यान्वयनमा समस्या

काठमाडौं, २७ साउन (रासस) । अगस्ट १२ तारिख । विश्वभर अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदै छ । नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाउन लागिएको छ ।

सरकारले बर्षेनि विभिन्न कार्यक्रम गरी युवा दिवस मनाउने गरे पनि युवाका मुद्दा कार्यान्वयनमा भने जहिल्यै समस्या देखिने गरेको जानकारहरू बताउँछन् । युवा लक्षित गरी ल्याइएका विभिन्न कार्यक्रम कार्यान्वयन प्रभावकारी नहुँदा युवाका मुद्दा अपेक्षाकृतरुपमा सम्बोधन हुन नसकेको उहाँहरूको गुनासो छ ।

सरकारले युवा विकास तथा परिचालनका लागि २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालय गठन गरेको थियो । यस्तै पहिलो पटक युवाको नेतृत्व तथा क्षमता विकास, उद्यमशीलताको विकास र स्वरोजगार, युवाको पहुँच र सहभागिताको सुनिश्चिततासँगै समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यसहित २०७२ साल फागुनमा राष्ट्रिय युवा परिषद् गठन गरिएको थियो । युवालाई स्वरोजगार बनाउनका लागि 'युवा स्वरोजगार कोष' पनि स्थापना गरिएको छ ।

साथगै राष्ट्रिय युवा नीति २०७२ र यूथ भिजन २०२५ ले पनि युवा विकासका व्यापक विषयलाई नीतिगत रूपमा समावेश गरेको छ । यस्तै प्रदेश, जिल्ला र स्थानीय तहमा पनि युवाका संरचना तयार गरिएका छन् । प्रदेश युवा परिषद्, जिल्ला युवा समिति र युवा क्लब सञ्जाल गठन गरिएका छन् । प्रदेश स्तरमा लुम्बिनी, बागमती र सुदूरपश्चिममा युवा परिषद् गठन गरिएको छ । यद्यपि अझै पनि युवाका मुद्दा किन सम्बोधन हुन सकिरहेको छैन त ?

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेत युवाको विकासका लागि लक्षित गरी बनेका ऐन र नीति कार्यान्वयन हुन नसकेको गुनासो गर्नुहुन्छ । यस क्षेत्रका लागि विभिन्न कार्यक्रम बनेपनि ती सबैमा बजेट अभावका कारण कार्यान्वयनमा समस्या देखिएको उहाँको बुझाइ छ ।

"युवासँग सम्बन्धित नीति कार्यान्वयनका लागि बजेटको उपलब्धता अत्यन्तै सीमित छ । त्यसैले योजना कार्यान्वयनमा कठिन भइरहेको छ", उहाँले भन्नुभयो, "युवा सशक्तीकरण, आत्मनिर्भर र स्वरोजगार बनाउन राज्यले जुन मात्रामा प्रथामिकता दिनुपर्ने हो त्यो अझै पुग्न सकेको छैन ।" उहाँले राज्यले पनि युवालाई प्राथमिकतामा राख्न नसकेको बताउनुभयो ।

युवाका सवाललाई सम्बोधन गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले सन् १९९९ देखि हरेक वर्षको अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउने निर्णय गरेसँगै सन् २००० देखि नियमितरूपमा विश्वभर युवा दिवसका सन्दर्भमा विविध कार्यक्रम हुँदै आएका छन् ।

नेपालमा भने युवासँग काम गर्ने सङ्घसंस्थाको अगुवाइमा पहिलो पटक सन् २००४ देखि यो दिवस मनाउन थालिएको हो । परिषद्कै अगुवाइमा २०७३ सालदेखि युवा दिवस मनाउन थालिएको हो ।

राष्ट्रिय युवा सङ्घका अध्यक्ष क्षितिज थेवेले युवाका क्षेत्रमा माग गरिएका संरचना र कानून बने पनि योजना कार्यान्वयनमा समस्या रहेको बताउनुभयो । नयाँ नेपाल बनाउने हो भने पहिलो शक्ति नै युवा भएकाले राज्यले युवामैत्री गतिविधि सञ्चालन गर्नुपर्ने उहाँको सुझाव छ । यूथ भिजन २०२५ र युवा स्वरोजगार कोष कार्यान्वयनमा पनि समस्या देखिएको उहाँको बुझाइ छ ।

"राज्यले युवामैत्री गतिविधि र कार्यक्रम ल्याएर युवालाई समृद्ध नेपालको अभियन्ता बनाउनसक्नुपर्छ", उहाँले भन्नुभयो, "राज्यले युवालाई जति सदुपयोग गर्न सक्यो त्यति नै चाँडै मुलुक निर्माण हुनसक्छ ।" राज्यले आगामी १० वर्षलाई युवा दशकका रुपमा मनाएर युवालाई परिवर्तन र राष्ट्रिय पुँजी निर्माणको सम्वाहकका रुपमा लैजानसक्नुपर्ने उहाँको सुझाव छ ।

राज्यले युवालाई लक्षित गरी उद्यम र स्वरोजगारका कार्यक्रम ल्याउन राज्यले ठोस कार्यक्रम सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ । "धेरै होइन १० प्रतिशत युवामा मात्र सरकारले लगानी सुनिश्चित गर्ने हो भने मुलुक निर्माणमा सहयोग पुग्छ", उहाँले भन्नुभयो ।

तरुण दलका नेता जनक चटौत युवालाई नीति निर्माणको तहमा पुऱ्याउन नसक्दा अपेक्षाकृत सफलता हासिल हुन नसकेको बताउनुभयो । उहाँ युवामैत्री राजनीतिक दलको संरचना बनाएर युवालाई नीति निर्माणको तहमा पुऱ्याउन आवश्यक रहेको बताउनुहुन्छ ।

योङ कम्युनिष्ट लिग (वाइसिएल)का महासचिव गणेश शाहीले युवा लक्षित नीति कार्यान्वयनमा सरकारी निकायले प्रभावकारी कार्यान्वयन गर्न नसक्दा युवामा मुद्दा जस्ताको त्यस्तै रहेको बताउनुभयो । "नीति नियम र संरचना बन्नु ठूलो कुरा भएन । बनेका नीति नियमलाई प्रभावकारी कार्यान्वयन मुख्य कुरा हो", उहाँले भन्नुभयो, "ती कार्यान्वयन नहुँदा युवा लक्षित कार्यक्रम युवामा पुग्न सकेको छैन ।" उहाँले अहिले पनि युवाका मुद्दा कार्यान्वयन गर्न राज्य अलमल भइरहेको बताउनुभयो ।

नेपाल युवा संस्था सञ्जाल (आयोन)का अध्यक्ष विकल राईले युवाका समस्या समाधानका राज्यको ध्यान जान नसकेको बताउनुहुन्छ । "राज्यको चासो युवामा कति छ भन्ने कुरा वार्षिक बिनियोजित बजेटले देखाउनसक्छ । कुल बजेटको शून्य दशमलव ८६ प्रतिशत युवा मन्त्रालयलाई बजेट विनियोजन गरेको छ", उहाँले भन्नुभयो, "यसबाट पनि युवाप्रति सरकारको नजर कस्तो छ भन्ने थाहा हुन्छ । युवाका क्षमता, तालिमका लागि बजेट छुट्याइएको पाइदैन ।"

"युथ भिजन २०२५ ले अबको १० वर्षमा युवाका सबै कुरा सम्बोधन भइहाल्छ जस्तो देखिन्छन्", उहाँले भन्नुभयो, "तर राज्यको ध्यानाआर्कषण भएको छैन भने यसका लागि पर्याप्त लगानी पनि छैन । संरचना बनेको छैन । सोहीअनुसार अधिकार प्रत्यायोजन गरिएको छैन ।"

**युवा उद्यमशिलता वर्ष**

सरकारले यस वर्ष युवा उद्यमशिलाताको वर्ष घोषणा गरेको छ । तर ठोस कार्यक्रम भने अझै नआएको परिषद्का कार्यकारी उपाध्यक्ष बस्नेतको भनाइ छ । "सङ्घ, प्रदेश र स्थानीय तह तीनवटै सरकारले समन्वय गरेर युवालाई उद्यमशिलतातर्फ लैजानु पर्दछ । त्यसका लागि सहुलितयपूर्ण कर्जा र वित्तीयरुपमा साक्षर बनाउन आवश्यक छ", उहाँले भन्नुभयो ।

कार्यकारी उपाध्यक्ष बस्नेतले युवालाई उद्यमशिलतातर्फ लैजानका लागि सबै प्रदेशमा नवप्रवर्तन तथा इनोभेसन सेन्टर स्थापना गर्नुपर्ने बताउनुहुन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार युवाको जनसंख्या ४२ दशमलव ५६ प्रतिशत पुगेको छ । त्यस्तै प्रतिनिधिसभामा १२ प्रतिशत, प्रदेश तहमा २० प्रतिशत र स्थानीय तहमा ४१ दशमलव १४ प्रतिशत जनप्रतिनिधि युवा छन् ।

**एकद्वार प्रणाली अभाव**

परिषद्का उपाध्यक्ष बस्नेत छरिएका युवाका लक्षित कार्यक्रमलाई एकीकृत ढङ्गले लैजान आवश्यक रहेको बताउनुहनछ । अहिले १४ वटा मन्त्रालयमा युवा लक्षित कार्यक्रम रहेको उहाँको भनाइ छ । "हामीले युवा लक्षित सबै कार्यक्रम एकद्वार प्रणाली अन्तर्गत परिषद्बाट गराँ भनेर पटकपटक सरकारले ध्यानाकर्षण गरायौं", उहाँले भन्नुभयो, "तर ती कार्यक्रम एकीकृत गर्न नसक्दा प्रभावकारी हुन सकेका छैनन् ।"

# तीन दिन देशभर वर्षाको सम्भावना, सतर्कता अपनाउन अनुरोध

काठमाडौं, २७ साउन (रासस) । मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतर्फ (नेपाल नजिक) अवस्थित रहेकाले आगामी तीन दिनसम्म देशका धेरैजसो स्थानमा वर्षा हुने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार मनसनुको न्यून चापीय रेखा नेपाल नजिकसँगै भारतको विहारको उत्तर पश्चिम भू-भाग तथा आसपासमा रहेको न्यून चापीय प्रणालीको पनि प्रभाव रहेकालेआगामी केही दिनसम्म मनसुनको न्यून चापीय रेखा अझै नेपाल नजिक सर्ने सम्भावना छ ।

जसका कारण आज राति देशभर सामान्यदेखि पूर्ण बदली रही देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुनुका साथै कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चटचाङसहित भारी वर्षा तथा एक-दुई स्थानमा धेरै भारी वर्षाको सम्भावनाछ । कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चटचाङसहित भारी वर्षाको सम्भावना छ ।

महाशाखाले विशेष मनसुन बुलेटिन जारी गर्दै शनिबारदेखि सोमबारसम्म देशको पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहावको जोखिम रहेकोले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ ।साथै, सहरी क्षेत्रमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन तथा सडक तथा हवाई यातायात समेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा अनुरोध गरिएको छ ।

आइतबार पनि देशभर पूर्णतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुनुको साथै कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा साथै मधेस र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चटचाङसहित भारीदेखि धेरै भारी वर्षाको समेत सम्भावना रहेको छ ।

त्यसैगरी साउन २९ गते सोमबार देशभर सामान्यदेखि पूर्णतया बदली रही गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा तथा कोशी, मधेस र बागमती प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुनुका साथै गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चटचाङसहित

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मिलाफद्वारा पत्रकार सुधा देव सम्मानित




**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन।**

पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै मिथिला साहित्य कला प्रतिष्ठान (मिलाफ) ले पत्रकार सुधा देवलाई सम्मान गरेको छ।

प्रतिष्ठानले राजविराजमा शनिबार आयोजना गरेको मैथिली साहित्यिक एवं साङ्गितीक कार्यक्रमको अवसरमा पत्रकार देवलाई सम्मान गरेको हो।

मैथिली साहित्यको संरक्षण प्रबर्द्धनका लागि प्रत्येक शनिबार साङ्गितीक कार्यक्रम गर्दै आएको छ। ६९ श्रृङखलामा मधुश्रावणी विशेष साङ्गितिक कार्यक्रमको आयोजना गरिएको मिलाफ नेपालको अध्यक्ष रमिला साहले बताईन्।

कार्यक्रमका प्रमुख अतिथी डा.सूर्या यादवले मैथिली साहित्यको संरक्षण प्रबर्द्धनमा मिलाफ नेपालको महत्त्वपूर्ण भुमिका रहेको बताए। उनले मैथिली संस्कृति, रितिरिवाजको संरक्षण तथा प्रबर्द्धन गर्न जरुरी रहेकोले यसतर्फ सबैजना सम्बेदनशिल हुनुपर्नेमा जोड दिए।

कार्यक्रमका विशिष्ट अतिथि अवकाश प्राप्त शिक्षिका मंजु श्रेष्ठ, नेपाल पत्रकार महासंघका निवर्तमान उपाध्यक्ष सुधा देव, निवर्तमान कोषाध्यक्ष शुभचन्द्र झा लगायत आआफ्ना धारणा राखेका थिए।

कार्यक्रममा प्रतिमा देव, मंजु साह, सरोज बिरपुरिया, राज कुमार, चन्द्रा साह, सोभा देव,कविता साह, मिना साह, पिंकी झा, रानु साह, सुनिला राय, लक्ष्मी साह लगायतले मधुश्रावणी बिशेष गीत प्रस्तुत गरेका थिए।

कार्यक्रममा मधुश्रावणी पर्वको महत्वको बिषयमा शिक्षिका ललिता झाले बृहत् रूपमा जानकारी गराएकी थिईन् भने शम्भु श्रीले कार्यक्रमा संचालन गरेका थिए। कार्यक्रममा सहभागी महिलाहरूलाई आयोजकले चुरा, पोते, सिन्दुर, टीका शौभाग्यको सामान वितरण गरेका थिए।

# महासंघद्वारा आन्दोलनलाई निरन्तरता




**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन।**

नेपाल पत्रकार महासंघ सप्तरीले तेश्रो दिन शनिबार पनि आन्दोलनलाई निरन्तरता दिदै मौन जुलुस निकालेको छ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले क्षमायाचनासहितको उर्दी फिर्ता लिई पूर्ण प्रेस स्वतन्त्रताको वातावरण बनाउनु पर्ने र जिल्ला प्रहरी कार्यालय सप्तरीमा पत्रकार मनोहर पोखरेलमाथी आक्रमण भएको घटनामा संलग्न असईमाथी कानुन बमोजिम कारवाही हुनुपर्ने मागसहित बिगत तिन दिन देखी आन्दोलनमा रहेको छ।

महासंघको कार्यालयबाट निस्केको मौन जुलुसले नगर परिक्रममा पश्चात् पुन: कार्यालयमै पुगेको थियो। आन्दोलनका कार्यक्रम अनुसार २८ गते मैनबत्ति जुलुस, २९ गते सिटि जुलुस, ३० गते एक घण्टा प्रशासन कार्यालयमा धर्ना, ३१ गते २ घण्टा धर्ना, ३२ गते ३ घण्टा धर्ना र भदौं १ गते २४ घण्टे रिले अनसन गर्ने तय गरेको जनाइएको छ।

# मधेशी पत्रकार समाजको समिति चयन

**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन।**

मधेशी पत्रकार समाज सप्तरीको शैलेश कर्णको नेतृत्वमा नयाँ कार्य समिति चयन भएको छ।

शनिबार सम्पन्न विशेष बैठकले कर्णको अध्यक्षतमा नयाँ कार्य समिति चयन भएको हो।

समितिको उपाध्यक्षमा कमल मण्डल, सचिवमा अरुण कुमार यादव, सहसचिवमा जीबछ दास र कोषाध्यक्षमा अनवर अलीलाई चयन गरिएको छ। त्यस्तै सदस्यमा रामशंकर भण्डारी, पंकज साह, सीमा झा र अञ्जली साहलाई चयन गरिएको छ।

समाजका केन्द्रीय अध्यक्ष मोहन सिंहको प्रमुख आतिथ्य तथा सप्तरीका संस्थापक अध्यक्ष विनयकुमार लाल कर्णको विशेष उपस्थितिमा बैठक बसेको थियो।

# राजविराजमा इन्फिल्ड बाइकको शोरुम शुभारम्भ



**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन।**

राजविराजमा शनिबार रोयल इन्फिल्ड कम्पनीको बाइकको शोरुम संचालनमा आएको छ।

सप्तरी जिल्लाका लागि आधिकारिक बिक्रेता राजविराज अटोमोवाइल प्रालीले उक्त कम्पनीको बाइकको शोरुम शुभारम्भ गर्दै बिक्रि पनि सुरु गरेको छ।

राजविराज २ स्थित राजदेवी चौकमा एक कार्यक्रमबीच रोयल इन्फिल्ड कम्पनीको बाइक शोरुमको राजविराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परविनले उदघाट्न गरिन्।

आधिकारीक बिक्रेता राजविराज अटोमोवाइल प्रालीका संचालक परवेज आलमले क्लासिक डिजाइनसहित तयार गरिएको मोटरसाइकल सहज र आरामदायक यात्रा गर्न रुचाउने बाइकप्रेमीहरुलाई लक्षित गरि बनाइएको जानकारी दिए। उक्त बाइकको मुल्य ४ लाख ९९ हजार रहेको उनले बताए।

# सप्तरी क्रिकेट संघका नवनिर्वाचित पदाधिकारीहरुको सपथ ग्रहण सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन।**

सप्तरी क्रिकेट संघका नवनिर्वाचित पदाधिकारीहरुले शनिबार एक कार्यक्रमबीच सपथ ग्रहण गरेका छन्।

साउन २१ गते सम्पन्न चौथो साधारण सभाबाट निर्वाचित पदाधिकारीहरुलाई निर्वाचन समितिले सपथ ग्रहण गराएका हुन्।

सम्पन्न साधारण सभाले आयुष श्रेष्ठको नेतृत्वमा १५ सदसीय नयाँ कार्य समिति सर्वसम्मतले चयन छ। समितिका उपाध्यक्षमा निरज कुमार सिंह, सचिवमा चन्दन कुमार यादव र कोषाध्यक्षमा तुलानाथ माझीलाई चयन गरेको छ।

यस्तै सदस्यहरूमा नम्रता परियार, सतिस कुमार सिंह, संजय कार्की, अशोक साह, रोशन मण्डल, राजकुमार दास, डम्बर नारायण दास, मनोज साह, रबि राय, राजेश झा र बिरेन्द्र यादबलाई चयन गरेको छ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*